## लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः७ संख्याः २४ मितिः २०८१/११/२२

**भाग -१**

**लालीगुराँस नगरपालिका, तेह्रथुम**

## लालीगुराँस नगरपालिकाको आर्थिक ऐन, २०८१ लाई प्रथम संशोधन गर्ने ऐन, २०८१

नगर सभाबाट पारित मितिः २०८१।११।२०

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८१।११।२०

**प्रस्तावनाः** लालीगुराँस नगरपालिका, तेह्रथुमको आर्थिक वर्ष २०८१।८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न चौधौं नगर सभाबाट पारित भएको लालीगुराँस नगरपालिकाको आर्थिक ऐन, २०८१ मा नगरपालिकाको आन्तरिक आय अभिवृद्दि गराउने केही शीर्षकहरु थप गर्न वाञ्छनीय भएकोले,
लालीगुराँस नगरपालिकाको पन्ध्रौं नगर सभाले यो संशोधन ऐन पारित गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "लालीगुराँस नगरपालिकाको आर्थिक ऐन, २०८१" उपर प्रथम संशोधन गर्ने ऐन, २०८१ रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भई स्थानीय लालीगुराँस राजपत्रमा प्रकाशित भए पश्चात् आर्थिक वर्ष २०८१।८२ मा नै लागू हुनेछ।

२. **<u>२. अनुसूची ८ (सेवा, शुल्क दस्तुर) को खण्ड (ङ) मा देहायका शीर्षकहरु थप गरिएको छः</u>**

- नगरपालिकाको सहयोगमा सञ्चालित होम स्टे सेवा शुल्क वार्षिक **रु. ५०,०००।००**
- नगरपालिकाको स्वामित्वको दमकलबाट आयोजनाका लागि पानी विक्री/वितरण प्रति दमकल **रु.४०००।००**

**आज्ञाले**
**सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**